नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

मा. मन्त्रीस्तरबाट मिति २०८१/०५/११ (ने.सं. ११४४ गुंलागाः नवमी, मङ्गलबार) मा स्वीकृत

# स्थानीय तहमा कृषि स्नातक प्राविधिक परिचालन कार्यविधि, २०८१

कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्थानीय तहमा कृषि तथा पशुपन्छी विकास कार्यक्रमहरुको कार्यान्वयनमा प्राविधिक सहयोग, प्रविधि प्रसार, आवश्यक समन्वय र सहजीकरणका लागि हस्तान्तरण भएको आर्थिक वर्ष २०८१/८२ को बजेट तथा कार्यक्रम ("कृषि स्नातक करार" र "एक पालिका एक भेटेरिनरी डाक्टर") बमोजिम स्थानीय तहमा करारमा कृषि स्नातक प्राविधिक परिचालन गर्ने प्रयोजनको लागि विनियोजन ऐन, २०८१ को दफा ११ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "स्थानीय तहमा कृषि स्नातक प्राविधिक परिचालन कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

(क) "**कृषि स्नातक प्राविधिक**" भन्नाले दफा ५ बमोजिमको योग्यता पुगेका यस कार्यविधि बमोजिम छनौट भएका कृषि विज्ञानतर्फका कृषि स्नातक, पशु विज्ञानतर्फका स्नातक पशु चिकित्सक वा दुवै सम्झनु पर्छ।

(ख) "**जिल्ला स्थित कार्यालय**" भन्नाले प्रदेश कृषि तथा पशुपन्छी हेर्ने मन्त्रालय अन्तर्गतको जिल्लास्थित कृषि क्षेत्र, पशुपन्छी वा दुवै क्षेत्र हेर्ने कार्यालय सम्झनु पर्छ।

(ग) "**प्रदेश मन्त्रालय**" भन्नाले प्रदेशस्थित कृषि तथा पशुपन्छी क्षेत्र हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(घ) "**विभाग**" भन्नाले मन्त्रालय अन्तर्गतको "कृषि विभाग", "पशु सेवा विभाग" वा दुवै सम्झनु पर्छ।

(ङ) "**मन्त्रालय**" भन्नाले नेपाल सरकारको कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्छ।

(च) "**स्थानीय तह**" भन्नाले नेपालको संविधानमा व्यवस्था भए अनुसारका स्थानीय तह सम्झनु पर्छ।

(छ) "**समिति**" भन्नाले दफा ४ बमोजिम गठित मूल्याङ्कन तथा सिफारिस समिति सम्झनु पर्छ।



सजिव कुमार कर्ण
सह-सचिव

सचिव

सचिव

परिच्छेद -२

## कृषि स्नातक प्राविधिक छनौट तथा परिचालन

३. मूल्याङ्कन तथा सिफारिस समितिः (१) कृषि स्नातक प्राविधिक छनौटका लागि देहाय बमोजिमको मूल्याङ्कन तथा सिफारिस समिति रहनेछः-

(क) सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत- संयोजक

(ख) जिल्लास्थित कार्यालयका प्रमुख वा अधिकृत प्रतिनिधि- सदस्य

(ग) सम्बन्धित स्थानीय तहको कृषिसँग सम्बन्धित महाशाखा/शाखा प्रमुख- सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिले दफा ६ बमोजिमको प्रक्रिया पूरा गरी दफा ५ बमोजिमको योग्यता पुगेका उम्मेदवारको मूल्याङ्कन गरी मूख्य उम्मेदवारसहित बैकल्पिक उम्मेदवार समेत छनौट गरी नियुक्तिका लागि सिफारिस गर्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिले प्रचलित कानून बमोजिम छनौट सम्बन्धी कार्यविधि तय गर्नेछ।

४. कृषि स्नातक प्राविधिक हुन चाहिने न्यूनतम योग्यताः (१) कृषि स्नातक प्राविधिकको न्यूनतम योग्यता देहाय बमोजिम हुनेछः-

(क) कृषि विज्ञानतर्फ मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट कृषि विज्ञानमा स्नातक तह उत्तीर्ण भएको ।

(ख) पशुपन्छी विज्ञान (पशु चिकित्सक) तर्फ मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थावाट पशु चिकित्सा विषयमा B.V.Sc. & AH/ B.V. Sc. वा सो सरहको स्नातक तह उत्तीर्ण भई नेपाल पशुचिकित्सा परिषद्‌मा दर्ता भएको ।

५. छनौट प्रक्रियाः (१) सम्बन्धित स्थानीय तहले कृषि स्नातक प्राविधिक छनौट कार्यको लागि अनुसूची -१ र अनुसूची -२ बमोजिमको कार्यविवरण तोकी अनुसूची -३ बमोजिमको ढाँचामा कम्तीमा (७) सात दिनको सूचना सार्वजनिक रुपमा प्रकाशन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचनामा तोकिएको समयावधिभित्र ईच्छुक उम्मेदवारले अनुसुची -४ बमोजिमको विवरण संलग्न गरी आवेदन दिनु पर्नेछ।

६. कृषि स्नातक प्राविधिक सेवा करारमा परिचालन हुनेः (१) प्राविधिक ज्ञान, सीप उपलब्ध गराउन कृषि स्नातक प्राविधिक करारका लागि बजेट विनियोजन भएका सबै स्थानीय तहमा कृषि विज्ञानतर्फ स्नातक गरेका कृषि स्नातक एक जना र पशु विज्ञानतर्फ स्नातक गरेका पशु चिकित्सक एक जना परिचालन हुनेछन् ।



सजिव कुमार कर्ण
सह-सचिव

सचिव

सचिव

(२) स्थानीय तह अन्तर्गत कृषि स्नातक प्राविधिक सेवा करारमा परिचालन वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत भएको हुनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम सालवसाली स्वीकृत कार्यक्रम तथा बजेटको सीमाभित्र रही कृषि स्नातक प्राविधिक सेवा करारमा परिचालन गर्नु पर्नेछ।

७. <u>सेवा करार सम्बन्धी व्यवस्था:</u> (१) सम्बन्धित स्थानीय तहले करार सम्झौता गर्ने निर्णय गरी दफा ३ बमोजिमको समितिले सिफारिस गरेको उम्मेदवारलाई ७ (सात) दिनको म्याद दिई सेवा करार गर्न आउने सूचना दिनु पर्नेछ।

(२) सम्बन्धित स्थानीय तहले उपदफा (१) बमोजिमको अवधिभित्र सेवा करार गर्न आउने उम्मेदवारसँग अनुसूची -१ (कृषितर्फ) र अनुसूची -२ (पशु चिकित्सकतर्फ) बमोजिमको कार्यविवरण बमोजिम अनुसूची -५ बमोजिमको ढाँचामा सेवा करार गर्नु पर्नेछ। उक्त अवधिभित्र सेवा करार गर्नका लागि सम्पर्क राख्न नआएमा क्रमशः वैकल्पिक उम्मेदवारलाई सूचना दिई सेवा करार गर्न सकिनेछ।

(३) सम्बन्धित स्थानीय तहले उपदफा (२) बमोजिम सेवा करार गर्दा नियुक्त भएको व्यक्तिले करार समाप्त नभई काम छाडी गएमा क्रमशः वैकल्पिक उम्मेदवारलाई सम्बन्धित स्थानीय तहले निर्णय गरी नियुक्त गर्न सक्नेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि करारमा नियुक्त व्यक्तिले काम छाडी गएमा र वैकल्पिक अन्य व्यक्ति नभएमा पुनः सूचना प्रकाशन गरी छनौट गरी बाँकी अवधिको लागि करार गर्नु पर्नेछ।

(५) यस कार्यविधि बमोजिमको करार अवधि चालू आर्थिक वर्षको असार मसान्तसम्मका लागि हुनेछ। स्रोत सुनिश्चितताको आधारमा करार सम्झौतालाई निरन्तरता दिन सकिनेछ।

(६) सम्बन्धित स्थानीय तहले यस कार्यविधि अनुसार सेवा करार गरि परिचालन गरिएको कृषि स्नातक प्राविधिकको वैयक्तिक विवरण अनुसूची -४ बमोजिमको ढाँचामा सम्बन्धित विभागमा अनिवार्यरुपमा पठाउनु पर्नेछ।

८. <u>पारिश्रमिक र सेवा सुविधा:</u> (१) कृषि स्नातक प्राविधिकको मासिक पारिश्रमिक सम्बन्धित स्थानीय तहमा कार्यरत अधिकृतस्तर छैठौं तहको शुरु स्केल सरह हुनेछ।

(२) अन्य सेवा सुविधाको हकमा सम्बन्धित स्थानीय तहले प्रचलित कानून बमोजिम करार सम्झौतामा उल्लेख गरी प्रदान गर्न सक्नेछ।



सजिव कुमार कर्ण
सह-सचिव

सचिव

सचिव